**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

**१.** संसदको मनसुन सत्र आजदेखि सुरु हुदैछ। यस अवधि कुल २१ वटा बैठकहरू हुनेछन्।

**२.** प्रधानमन्त्री नरेन्द्र मोदीले संसदको मनसुन सत्रको पहिलो दिन सुरु हुनुभन्दा ठीक अगाडि आज सञ्चारकर्मीहरूलाई सम्बोधन गर्नुहुनेछ।

**३.** अन्तर्राष्ट्रिय मुद्रा कोषले एकीकृत भुक्तानी इन्टरफेस- UPI मार्फत भारत तीव्र भुक्तानी प्रणालीमा सम्पूर्ण विश्वमा अघि रहेको बताएको छ।

**४.** आज बिहान भारतीय समय अनुसार ३बजेर ५८ मिनटमा अलास्का प्रायद्वीपमा ६.२ म्यगनिच्युड को भूकम्प आएको छ

**५.** मौसम विभागले आज अंडमान र निकोबार द्वीप समूह, उप-हिमालय पश्चिम बंगाल र सिक्किममा मेघगर्जनको साथ बिजुली चम्कने सम्भावना व्यक्त गरेको छ।

६. कोनेरु हम्पीले २०२५ को FIDE महिला चेस विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै सेमिफाइनलमा पुगेर इतिहास रचेकी छिन्।

**<u>मनसुन सत्र</u>**

संसदको मनसुन सत्र आजदेखि सुरु भएर २१ अगस्टसम्म जारी रहनेछ। यस अवधिमा कुल २१ वटा बैठकहरू हुनेछन्। अपरेशन सिन्दूर पछि यो संसदको पहिलो सत्र हो। संसदीय मामिला मन्त्री किरेन रिजिजुले भन्नु भयो सत्रको अवधिमा गर्नुपर्ने महत्वपूर्ण विधायिकी र अन्य कामहरू गर्ने निर्णय गरिएको छ।

संसद सत्र अघि, हिजो सरकारले दुवै सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न सहयोग गर्न सर्वदलीय बैठक बोलाएको थियो। लोकसभा र राज्यसभामा विभिन्न दलहरूको प्रतिनिधित्व गर्ने सदन नेताहरूले यस बैठकमा भाग लिएका थिए।

केन्द्रीय मन्त्री तथा राज्यसभामा सदन नेता जे.पी. नड्डाले बैठकको अध्यक्षता गर्नुभएको थियो । संसदीय मामिला मन्त्री किरेन रिजिजु, संसदीय मामिला राज्यमन्त्री अर्जुन राम मेघवाल र डा. एल. मुरुगन बैठकमा उपस्थित थिए। यी बाहेक कांग्रेस पार्टीका गौरव गोगोई र प्रमोद तिवारी, राष्ट्रवादी कांग्रेस पार्टी-शरद पवार गुटकी सुप्रिया सुले, डीएमके पार्टीका तिरुची शिव र टीआर बालु, समाजवादी पार्टीका राम गोपाल यादव र आम आदमी पार्टीका संजय सिंहले बैठकमा भाग लिएका थिए।

संसदीय मामिला मन्त्री किरण रिजिजुले भन्नु भयो सरकार नियमानुसार दुवै सदनमा कुनै पनि महत्त्वपूर्ण मुद्दामा छलफल गर्न तयार छ।

बैठक पछि, श्री रिजिजुले पत्रकारहरूलाई भन्नु भयो बैठक धेरै रचनात्मक थियो र सदनका नेताहरूले विभिन्न मुद्दाहरूमा आफ्नो पार्टीको अडान प्रस्तुत गरे।

बाइट- किरेन रिजिजु

श्री रिजिजुले भन्नु भयो सरकार संसदमा अपरेशन सिन्दूर जस्ता महत्त्वपूर्ण मुद्दाहरूमा छलफल गर्न पूर्ण रूपमा स्पष्ट छ। विभिन्न राजनीतिक दलका नेताहरूले सरकारलाई सदनको कार्यवाहीमा पूर्ण सहयोगको आश्वासन दिए। अपरेशन सिन्दूर पछि भारत र पाकिस्तान बीच मध्यस्थताको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबी उठाउने विपक्षीको मनसायको बारेमा सोध्दा, संसदीय मामिला मन्त्रीले यस विषयमा सरकारले सदनमा उचित जवाफ दिने बताए।

न्यायाधीश यशवंत वर्माको महाभियोगको मुद्दामा, उहाँले भन्नु भयो यो प्रक्रिया सबै दलहरूसँगको सहकार्यमा पूरा गरिनेछ किनकि यो केवल सरकारको निर्णय होइन। न्यायाधीश वर्मालाई हटाउने प्रस्तावलाई धेरै सांसदहरूको समर्थन छ। श्री रिजिजुले जानकारी दिनुभयो कि यसमा हस्ताक्षर गर्ने सांसदहरूको संख्या एक सय नाघेको छ।

कांग्रेस नेता गौरव गोगोईले राष्ट्रपति ट्रम्पको दाबी, पहलगाम आतंकवादी हमला र बिहारमा विशेष गहन समीक्षाको मुद्दामा सदनमा प्रधानमन्त्री नरेन्द्र मोदीबाट बयानको मांग गर्नु भयो ।

बाइट- गौरव गोगोई

क्रान्तिकारी समाजवादी पार्टीका श्री एन.के. प्रेमचन्द्रनले भन्नु भयो की सम्पूर्ण विपक्षीले पहलगाम आतंकवादी हमला, अपरेशन सिन्दूर र युद्धविरामको बारेमा राष्ट्रपति ट्रम्पको बयानमा बहसको माग गरे।

कट- प्रेमचन्द्रन

बिजू जनता दलका नेता सस्मित पात्राले भन्नु भयो कि उहाँको पार्टीले ओडिशामा कानून व्यवस्थाको स्थिति र महिलामाथि हुने अत्याचारको मुद्दा उठाउनेछ।

## बिहार विधानसभा- मनसुन सत्र

बिहार विधानसभाको मनसुन सत्र भोलिदेखि सुरु हुँदैछ। पाँच दिने सत्र शुक्रबार,२५ जुलाईसम्म जारी रहनेछ। यस वर्षको अक्टोबर-नोभेम्बरमा विधानसभा चुनाव हुने भएकाले यो मनसुन सत्र राज्य विधानसभाको अन्तिम सत्र हुनेछ। विधानसभा चुनावलाई ध्यानमा राख्दै, यो सत्र राजनीतिक रूपमा धेरै महत्त्वपूर्ण रहनेछ । सत्तारुढ राष्ट्रिय जनतान्त्रिक गठबन्धन-एनडीए र विपक्षी महागठबन्धन दुवैले आगामी चुनावको लागि वातावरण सिर्जना गर्न यो सत्र प्रयोग गर्नेछन्। संसदीय मामिला मन्त्री विजय कुमार चौधरीले विपक्षीले उठाएको हरेक मुद्दाको जवाफ दिन सरकार तयार रहेको बताउनु भएको छ । मतदाता सूची संशोधन पूर्णतया निर्वाचन आयोगको क्षेत्राधिकारमा रहनेछ र यस प्रक्रियामा राज्य सरकारको कुनै भूमिका हुनेछैन । यसैबीच, विधानसभा अध्यक्ष नन्द किशोर यादवले सदनको सुचारु सञ्चालनमा सहयोग गर्न विपक्षीहरूलाई अपील गर्नु भएको छ । उहाँले भन्नु भयो कि आर्थिक वर्ष २०२५-२६ को लागि अनूपूरक बजेट र राज्यपालद्वारा अनुमोदित अध्यादेशका प्रतिहरू पनि सदन समक्ष राखिनेछ।

## PM-मनसुन सत्र

प्रधानमन्त्री नरेन्द्र मोदीले संसदको मनसुन सत्रको पहिलो दिन सुरु हुनुभन्दा ठीक अगाडि आज सञ्चारकर्मीहरूलाई सम्बोधन गर्नुहुनेछ। मनसुन सत्र अगस्ट २१ सम्म जारी रहनेछ। संसदका दुवै सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न सरकारले हिजो सर्वदलीय बैठक आयोजना गरेको छ। सर्वदलीय बैठकमा संसदीय मामिला मन्त्री किरेन रिजिजु र केन्द्रीय मन्त्री तथा राज्यसभामा सदनका नेता जेपी नड्डा, संसदीय मामिला राज्यमन्त्री अर्जुन राम मेघवाल र एल मुरुगन उपस्थित थिए।

## संशोधन IMF-UPI

अन्तर्राष्ट्रिय मुद्रा कोषले एकीकृत भुक्तानी इन्टरफेस- UPI मार्फत भारत तीव्र भुक्तानी प्रणालीमा सम्पूर्ण विश्वमा अघि रहेको बताएको छ। यस वर्षको जुन महिनामा यस माध्यमबाट १८ अरब ३९ करोडभन्दा बढी कारोबार भएको छ , जसको मूल्य २४ लाख तीन हजार करोड रुपैयाँभन्दा बढी रहेको थियो। जुन गत वर्षको जुन महिनाको तुलनामा ३२ प्रतिशतले बढी हो। बढ्दो खुद्रा डिजिटल भुक्तानीको बारेमा अन्तर्राष्ट्रिय मुद्रा कोषको हालैको टिप्पणी अनुसार, UPI ले भारतको भुक्तानी प्रणालीमा क्रान्तिकारी परिवर्तन ल्याएको छ। यस माध्यमबाट हरेक महिना १८ अर्बभन्दा बढी कारोबार हुनेगर्दछ ।

## कावाड़ यात्रा

कावाड़ यात्रा अन्तिम चरणमा पुगेको छ। भगवान शिवलाई चढाउन गंगाजल सङ्कलन गर्न हरिद्वारमा ठूलो संख्यामा कावाडीहरू भेला भएका छन्। डाक कावाड़ीहरूको संख्या पनि निरन्तर बढिरहेको छ। पुलिसले भीड नियन्त्रण गर्न विस्तृत व्यवस्था गरेको छ। हरिद्वारको सडकदेखि हर की पैड़ीसम्मको सम्पूर्ण क्षेत्र भक्तजन र सवारी साधनले भरिएको छ। हरियाणा, पञ्जाब, राजस्थान, दिल्ली र उत्तर प्रदेश लगायत विभिन्न राज्यहरूबाट भक्तजनहरू निरन्तर हरिद्वार आइरहेका छन्। हालसम्म २.५ करोडभन्दा बढी कावाड़ीहरूले पवित्र गंगाजल सङ्कलन गरेपछि आफ्नो गन्तव्यतर्फ प्रस्थान गरिसकेका छन्।

## असमका मुख्यमन्त्री - दूध अनुदान

आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्माले दुग्ध किसानहरूको आत्मनिर्भरता बढाउन र राज्यमा सेतो क्रान्ति ल्याउन हिजो गुवाहाटीको श्रीमन्त शंकरदेव कलाक्षेत्रमा नयाँ योजनाको सुरुवात गर्नुभयो। यस अन्तर्गत, राज्यका ६०१ दुग्ध सहकारीहरूसँग सम्बन्धित लगभग बीस हजार किसानहरूले प्रति दिन ३० लिटरसम्मको दूधमा प्रति लिटर ५ रुपैयाँ सहयोग पाउनेछन्। यो सहायता संगठित दुग्ध प्रशोधन परियोजनाहरूलाई दूध प्रदान गर्ने किसानहरूको लागि हुनेछ। आर्थिक वर्ष २०२५-२६ मा यस योजनाको लागि १० करोड रुपैयाँको व्यवस्था गरिएको छ। श्री शर्माले बताउनु भयो आसामको दैनिक दूध उत्पादन लगभग २९ लाख लिटर रहेको छ यद्यपि, केवल १ लाख लिटर प्रशोधन गरिन्छ। आसामका मुख्यमन्त्रीले सहकारी प्रणालीमा किसानहरूको प्रशोधन क्षमता र सहभागिता बढाउन जोड दिनुभयो।

**अलास्का - भूकम्प**

राष्ट्रिय भूकम्प विज्ञान केन्द्र (NCS) का अनुसार आज बिहान अलास्का प्रायद्वीपमा ४८ किलोमिटर गहिराइमा ६.२ म्याग्निच्युडको भूकम्प गएको छ। भूकम्प बिहान भारतीय समयानुसार ३:५८ बजे गएको थियो केही दिन अघि, बिहीबार, सोही क्षेत्रमा ३६ किलोमिटर गहिराइमा ७.३ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो। दुवै भूकम्प कम गहिराइमा रहेकाले जमिन हल्लाउने र सम्भावित क्षति हुने सम्भावना बढी थियो।अमेरिकी सुनामी चेतावनी प्रणालीले रिपोर्ट अनुसार हालैको भूकम्पपछि तटीय अलास्काको केही भागमा सुनामी चेतावनी जारी गरिएको छ। सुनामी चेतावनीमा मानिसहरूलाई तुरुन्तै सुरक्षित स्थानमा सर्न आग्रह गरिएको छ।

**अनिवार्य घोषणा-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले , आज राती साढे नौ बजे फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा "जंक फ़ूड का स्वास्थ्य पर प्रतिकूल प्रभाव" विषय माथि परिचर्चा प्रसारित गर्नेछ । अखिल भारतीय आयुर्विज्ञान संस्थान-एम्सका गैस्ट्रोएंटरोलॉजीका प्रोफेसर डॉ. गोविंद मखारिया र एम्स की आहार विशेषज्ञ डॉ. माला मनराल परिचर्चामा भाग लिनेछन् ।

श्रोताले कार्यक्रमको अवधि हाम्रा स्टूडियोमा उपस्थित विशेषज्ञहरु सित जंक फ़ूडको हानिकारक प्रभावहरु , यसको स्वस्थ विकल्प र स्वास्थ्य भोजन प्रति जागरुकतासित संबंधित प्रश्न सोध्न सक्नेछन् । प्रश्न सोध्नका लागि टेलीफोन नंबर रहेको छ - 011-2371-1050 र 011-23314444 तथा व्हाट्सएप नंबर रहेको छ -928-909-4044. श्रोताले हैशटैग आस्क-एआईआरको साथ एक्समा पनि आफ्नो प्रश्न पोस्ट गर्न सक्नु हुनेछ ।

**आईएमडी-मौसम**

मौसम विज्ञान विभाग (आईएमडी) ले आज तटीय कर्नाटक, हिमाचल प्रदेश, तेलंगाना र उत्तराखंडका बिभिन्न क्षेत्रहरुमा भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ । दिल्ली, हरियाणा, पंजाब, चंडीगढ़, बिहार, छत्तीसगढ़, केरल, माहे, कोंकण, गोवा, महाराष्ट्र र पूर्वोत्तर राज्यहरुमा आगामी 2-3 दिनहरुको अवधि भारी वर्षा हुने संभावना व्यक्त गरिएको छ । आईएमडीले आज अंडमान र निकोबार द्वीप समूह, उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा मेघगर्जनको साथ बिजुली चम्कने सम्भावना व्यक्त गरेको छ।

**सान्शो चेस-विश्वकप**

कोनेरु हम्पीले २०२५ को FIDE महिला चेस विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै सेमिफाइनलमा पुगेर इतिहास रचेकी छिन्। उनी यस प्रतियोगिताको सेमिफाइनलमा पुग्ने पहिलो भारतीय महिला खेलाडी हुन्। हम्पीले जर्जियामा भएको क्वार्टरफाइनलमा चीनकी सोङ युचिनलाई पराजित गरिन्। आज क्वार्टरफाइनलमा दिव्या देशमुख र हरिका द्रोणावल्ली आमनेसामने हुनेछन्। खेल भारतीय समय अनुसार साँझ ४:३५ बजेदेखि खेलिनेछ। यस खेलकी विजेता कोनेरु हम्पी सेमिफाइनलमा चीनकी लेई टिंगजी र टेन झोंगजीसँगै हुनेछिन्।

****** ० ******